# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

प.सं.: २०७९/०८०
च.नं. : १००३

मिति : २०७९/०९/२१

**विषय : परीक्षाको अभिलेख व्यवस्थापन सम्बन्धमा ।**

**श्री सामुदायिक र संस्थागत विद्यालयहरू (सबै)**
**चौरजहारी नगरपालिका रुकुम (पश्चिम) ।**

उपर्युक्त विषयमा चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरूले चौरजहारी नगरपालिकाको शैक्षिक सत्र, २०७९ को नगरपालिका स्तरीय शैक्षिक पात्रोअनुसार २०७९ पुस १७ गतेदेखि दोस्रो त्रैमासिक परीक्षा सञ्चालन भइरहेकोले उक्त परीक्षासँग सम्बन्धित भइ तपसिलबमोजिम गर्ने / गराउन हुन अनुरोध छ ।

**तपसिल**

१. कक्षा १-३ को मूल्याङ्कन एकीकृत पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम मूल्याङ्कन गरी अभिलेख व्यवस्थापन गर्ने, कक्षा ४-७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन र आवधिक मूल्याङ्कनको प्रतिशतका आधारमा विद्यार्थी मूल्याङ्कन गरी अभिलेख राख्ने,
२. परीक्षा समाप्त भए पश्चात् २०७९ पुस २६ र २७ गतेसम्म दोस्रो त्रैमासिक परीक्षामा केन्द्रित भइ पृष्ठपोषण कक्षा सञ्चालन गर्ने,
३. विद्यार्थीहरूमा प्रतिस्पर्धात्मक भावना जागृत गर्न २०७९ पुस २८ गते बिहीबारका दिन अभिभावक उपस्थित गराइ दोस्रो त्रैमासिक परीक्षाको नतिजा प्रकाशन गरी पुरस्कार प्रदान गर्ने व्यवस्था मिलाउने,
४. विद्यालयहरूले विद्यार्थीहरूलाई गृहकार्य तथा परियोजना कार्य दिइ २०७९ पुस २९ गतेदेखि २०७९ माघ ८ गतेसम्म जाडो बिदा गर्न सक्ने,
५. विद्यार्थीहरूको दोस्रो त्रैमासिक परीक्षाको नतिजा विश्लेषण गरी २०७९ माघ १५ गतेभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्ने ।

२०७९/९/२१

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत